फोनः०५६-४१०१२२/४१०१११
इमेलःinfo@ichchhakamanamun.gov.np
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मितिः२०८२/०४/२७

सूचना। सूचना॥ सूचना।॥

प्रस्तुत विषयमा २०८२ सालको हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा यस इच्छाकामना गाउँपालिकाको आयोजनामा निम्न मिति स्थान र समयमा इच्छाकामना पालिका स्तरीय तीज गीत प्रतियोगिता २०८२ कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा इच्छाकामना गाउँपालिका भित्र रहेका महिला समूह, आमा समुह महिला सहकारी संस्था तथा टोल विकास संस्थाहरुलाई प्रतियोगितामा भाग लिनका लागि निवेदन दर्ता गराउन हुन यसै सूचना मार्फत आवह्वान गरिन्छ ।

१. प्रतियोगितामा सहभागी हुनुहुने सहभागिहरुका लागि नियमहरु यस प्रकार रहेका छन ।

- गीतको विषयवस्तुः जनचेतनामूलक,महिला सशक्तिकरण, सन्देशमूलक हुनुपर्ने ।
- गीत मार्फत राजनैतिक र व्यक्तिगत आक्षेप लगाउन नपाउने ।
- सहभागी संख्याः एक समुहमा बढीमा ७ जना हुनुपर्ने ।
- समयः गीत बढीमा १० मिनेटको हुनुपर्नेछ ।
- समूह /संस्था पालिकामा दर्ता भएको हुनुपर्नेछ यदि दर्ता नभएको भए वडाले सिफारिस गरेको हुनु पर्ने ।
- समूहले टिम दर्ता गर्नु पर्ने अन्तिम मितिः२०८२/०५/५ गतेसम्म ।
- समूह दर्ता निःशुल्क ।
- भेषभूषाः परम्परागत संस्कृति झल्किने ।

२. पुरस्कारको व्यवस्था यस प्रकार गरिएको छ ।

- प्रथम पुरस्कार रु. २०,०००।
- द्धितिय पुरस्कार रु.१३,५००।
- तृतिय पुरस्कार रु.९,५००।
- सान्त्वना पुरस्कार दुई वटा समुहलाई रु.४,०००।
- सहभागी हुने सम्पुर्ण टिमलाई रु. १,०००।
- पुरस्कारको रकममा नियमानुसार करकट्टी गरेर दिइनेछ ।
- दर्ता स्थानः इच्छाकामना गाउँपालिका सामाजिक विकास शाखा
- सम्पर्क नं. — पार्वती मगराती ९८४१०२५६९८ धनमाया चेपाङ ९८६९७५८२९१

कार्यक्रमः

स्थानः इच्छाकामना गाउँपालिकाको प्रंङ्गण

समयः विहान १० बजे अनिर्वाय उपस्थित

मितिः २०८२/०५/०६ शुक्रबार

माया सिलवाल
माया सिलवाल
कार्यवाहक अध्यक्ष